# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश नेपाल

प.सं. : ०७४/०७५
च.नं. : १५०

फोन नं.:-०८१-५४०००१
फ्याक्स नं.-०८१-५४०३१८


मिति :- २०७५/४/१५

विषय :- सूचना सूचना सूचना

श्री जो जस संग सम्बन्ध राख्दछ ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२, अनुसार यस कोहलपुर नगरपालिका भित्र स्थायी बसोबास गर्ने दफा १३ को १ बमोजीम सुविधा पाउनका लागी दफा ८ बमोजीम लक्षित समुहमा पर्ने जेष्ठ नागरिक, ६० वर्ष उमेर पुगेका जेष्ठ दलित तथा एकल महिला, पतिको मृत्यु भएका विधवा महिला, पुर्ण तथा अति अशक्त अपाँङ्ग, ५ वर्ष मुनीका दलित बालबालीका पोषण भत्ता पाउने नागरिकहरुको लगत संकलन गरि केन्द्रिय पंजिकरण विभागमा पेश गरिने भएका हुदा निम्न बमोजीमका कागजात प्रमाणहरु संलग्न राखी कार्यालय समयभित्र आ-आफ्नो वडा कार्यालयमा गई आवेदन फाराम भर्न हुन र गत विगत देखि विभिन्न लक्षित समूहमा रहेका जेष्ठ नागरिक, दलित, एकल महिला, पूर्ण अशक्त अपाँग, आंशिक अशक्त अपांगहरुको यस आ.व. मा समेत भत्ता पाउनका लागि भत्ता परिचय पत्र नवीकरण गर्न आवश्यक भएको हुँदा सो को नवीकरण गर्न हुन आफुसँग संलग्न कागजात प्रमाणहरु को प्रतिलिपी सहित निवेदक स्वयं उपस्थित भई मिती २०७५ साल मंसीर १५ गते भित्र आवेदन फाराम भर्न भराउन र परिचय पत्र नवीकरण गर्न गराउनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयावधि भित्र पेश हुन नआएका निवेदनहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिल :-

आ.व. ०७५/०७६ मा जेष्ठ नागरिकको फारम लिन योग्य उमेर तथा लागु हुने आ.व. र चौमासिक

| सा.सु. को किसिम | जन्म मिति | दर्ता मिति | लागु हुने आ.व. र चौमासिक |
|---|---|---|---|
| जेष्ठ नागरिक | २००६ साल आषाढ मसान्त सम्म जन्मेको | २०७५ मंसिर १५ गते भित्र | २०७६/०७७ पहिलो चौमासिक |
| | २००६/४/१ देखि २००६/७/३० | २०७५ मंसिर १५ गते भित्र | २०७६/०७७ दोस्रो चौमासिक |
| | २००६/८/१ देखि २००६/११/३० | २०७५ मंसिर १५ गते भित्र | २०७६/०७७ तेश्रो चौमासिक |
| जेष्ठ नागरिक दलित | २०१६ साल आषाढ मसान्त सम्म जन्मेको | २०७५ मंसिर १५ गते भित्र | २०७६/०७७ पहिलो चौमासिक |
| | २०१६/४/१ देखि २०१६/७/३० | २०७५ मंसिर १५ गते भित्र | २०७६/०७७ दोस्रो चौमासिक |
| | २०१६/८/१ देखि २०१६/११/३० | २०७५ मंसिर १५ गते भित्र | २०७६/०७७ तेश्रो चौमासिक |
| लोपोन्मुख आदिवासी जनजातीले प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि मंसिर १५ भित्र तर ५ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ता भएपछि जहिले सुकै भरे पनि सोही आ.व.को अर्को चौमासिक | | | |
| अन्य लाभग्राहीले भरेको सोही आ.व.को अर्को चौमासिकबाट | | | |

०७५/४/१५

हरि बहादुर वली
प्रशासकीय अधिकृत